TRIBHUVAN UNIVERSITY
CENTRAL DEPARTMENT OF NEPALESE, HISTORY, CULTURE AND ARCHAEOLOGY

# BULLETIN

त्रिभुवन विश्वविद्यालय
नेपाली इतिहास, संस्कृति तथा पुरातत्त्व केन्द्रीय विभाग

# बुलेटिन

(त्रैमाशिक, पहिलो अङ्क, २०७९ मार्ग-माघ)

## विभागमा नै लघु अनुसन्धान परियोजनाको सुरुवात

नेपाली इतिहास, संस्कृति र पुरातत्त्व केन्द्रीय विभागले विभागीय अनुसन्धानलाई वि.सं. २०७९ सालदेखि संस्थागत गरी नियमित र अनिवार्य बनाएको छ । संस्थाबाट नै आन्तरिक बजेट व्यवस्थापन गरी अनुसन्धान गर्ने र गराउने पहिलो प्रयास यसै सालदेखि भएको हो । विभागले लघु अनुसन्धान निर्देशिका तयारी गरी अनुमोदन गराउने कार्य गरेपछि अनुसन्धानको कार्यले वैधानिकता पाएको छ। साथै यस विभागले पहिलोपटक विभागमा कार्यरत शिक्षकहरुलाई अनुसन्धान अनुदान प्रदान गरेको छ । यस अनुदानबाट विभागका शिक्षकहरुले अनुसन्धानको कार्य गरिहेका छन् ।

यस विभागबाट लघु अनुसन्धान परियोजना पाउने शिक्षकहरुमा डा. महेश कुमार आचार्य, डा. सन्ध्या खनाल, डा. पशुपति नेउपाने र डा. तीना मानन्धर छन् । त्रिभुवन विश्वविद्यालय अनुसन्धान महाशाखाबाट पनि डा. पुनम राणा र डा. निर्मला पोखेलेले लघु अनुसन्धान अनुदान प्राप्त गरी यसैसाल अनुसन्धान कार्य पूरा गरेका छन् । त्यसपछि पुन विश्वविद्यालय अनुदान आयोग भक्तपुरबाट उनीहरुले फ्याकल्टी रिसर्च ग्रान्ट प्राप्त गरेका हुन् ।

**पिट्जर कलेजको फण्ड व्यवस्थापनः** अमेरिकाको पिट्जर कलेजले संस्कृति विभागको अनुसन्धान र प्रकासनका केही रकम अक्षयकोषका रुपमा राखिदिएकोमा उक्त कोष लामो समयदेखि केन्द्रीय कार्यालयमा रहेकाले विभागले त्यसको सदुपयोग गरेको थिएन । तर वि.सं. २०७९ साल कार्तिकमा उक्त रकमलाई पहिलोपटक विभागको माताहातमा सार्ने प्रयास भएको छ । यसै अवधिमा त्यस कोषबाट प्राप्त व्याज रकमलाई अनुसन्धान र प्रकासनमा खर्च गर्ने व्यवस्था मिलाइएको छ। यसबाट विभागको अनसन्धान कार्यका लागि थप टेवा पग्ने मान्यता छ ।

## अनुसन्धानमा विद्यार्थीहरुलाई उत्प्रेरणा

नेपाली इतिहास, संस्कृति र पुरातत्व विभागले विद्यार्थीहरुलाई पनि अनुसन्धानका लागि प्रोत्साहन गरेको छ, जस अनुसार विभिन्न परियोजनामा अनुदान पाई अनुसन्धान गर्ने प्रत्येक शिक्षकले अनिवार्य रूपमा कम्तिमा पनि एकजना विद्यार्थीलाई समेत आफ्नो अनुसन्धान कार्यमा सहभागी गराउनुपर्ने नियम बनाइएको छ। यस वर्ष एक जना विद्यार्थीले भोटुपाण्डेका बारेमा थेसिस लेख्न ग्रान्ट पाएका छन् भने विभागले विश्वविद्यालय अनुदान आयोग र अन्य निकायमा पनि शोधपत्र लेख्नका लागि आवश्यक ग्रान्टमा निवेदन दिन सहयोग गर्ने गरेको छ ।

**अन्तर्राष्ट्रिय सम्मेलनमा विद्यार्थीको सहभागिताः** एपेनिच (APHEN-ICH) ले अहमदावाद विश्वविद्यालय गुजरात भारतमा डिसेम्बर ४ देखि ६, २०२२ सम्म आयोजना गरेको "Workshop on Intangible Cultural Heritage and Community Resilience: Reflections on the Covid 19 Pandamic Experience" नामक कार्यशालामा यस विभागका दुईजना विद्यार्थीहरुले भाग लिएका छन् । एम्.ए. दोस्रो सेमेस्टरमा अध्ययनरत विकल्प पौडेल र श्रीना प्रजापतिले उक्त कार्यक्रममा सफलतापूर्वक भाग लिएका हुन् ।

## Nepalese Cuture प्रकाशित

संस्कृति विभागको अनुसन्धान जर्नल नेप्लिज कल्चरको १६ औं अङ्क २०२२ हाल प्रकाशन भएको छ । यो जर्नल नेप्जोलमा अनलाइन हुने गर्दछ । नेप्लिज कल्चर सन् १९७९ देखि प्रकाशन हुन सुरु गरेको हो । यसको १३ औं अङ्कदेखि अन्लाइन प्रकाशन गर्न लागिएको छ । नेपाली इतिहास, संस्कृति र पुरातत्वसम्बन्धी नेप्जोलमा अनलाइन प्रकाशन हुने यो नै एउटामात्र जर्नल हो । यसको सन् २०२३ को अङ्क पनि प्रकाशनको क्रममा रहेको छ । यसलाई विभागले प्रत्येक साल प्रकाशन गर्दै आएको छ। यसको १६ औं अङ्कमा भने एम्.फिल तथा पिएच्डी तहका विद्यार्थीहरुका लेखले प्राथमिकता पाएका छन् ।

TRIBHUVAN UNIVERSITY
CENTRAL DEPARTMENT OF NEPALESE, HISTORY, CULTURE AND ARCHAEOLOGY
BULLETIN
(त्रैमाशिक, पहिलो अङ्क, २०७९ मार्ग-माघ)

## पुरातात्विक अन्वेषण तालिम सम्पन्न

नेपाली इतिहास, संस्कृति र पुरातत्त्व केन्द्रीय विभागले वि.सं. २०७९।८।६ देखि २०७९।८।१२ सम्म एक हप्ता लामो पुरातात्विक अन्वेषण तालिम सम्पन्न गरेको छ । यस विभागका एम्.ए. चौथो सेमेस्टरमा अध्ययनरत विद्यार्थीहरुलाई यो तालिम सम्पन्न गर्न युनेस्कोले आर्थिक सहयोग गरेको छ । तालिमका क्रममा विद्यार्थीहरुलाई मोरङको धनपालगढी र बेतना सिमसार तथा पुरातात्विक क्षेत्र, सुनसरीका दन्तकाली, बूढासुब्बा, भताभंगे, चतरा, रामधुनी, चकरघट्टी र वराहक्षेत्र, सिराहाको खप्टेडाँडा, धनुषाको धनुषाधाम र जनकपुर तथा महोत्तरीको जलेश्वर मठ भेगको भ्रमण गराइयो । यिनीहरुमध्ये मोरंगको वेतना सिमसार तथा पुरातात्विक क्षेत्र र सिरहाको खप्टेडाँडा प्रागैतिहासिक ढुंगे उपकरण र इसापूर्वकालका PG Ware and NBP Ware पाइने पुरातात्विक क्षेत्रहरु हुन्, जसको संस्कृति बुद्धको समय तथा त्यसभन्दा अगाडि पुग्ने गर्दछ । यसैगरी सुनसरीका बुढासुब्बा, पिण्डेश्वर र दन्तकाली मध्यकालिक पुरातात्विक स्थल हुन्, जसको विस्तृत अध्ययन हुन बाँकी छ । वराहक्षेत्र, चतरा, रामधुनी, जलेश्वरनाथ महादेव, जनकपुर र धनुषाधामको प्राचीन इतिहास रामायण तथा महाभारतको कथासँग सम्बन्धीत रहेकाले ती स्थानको विस्तृत अध्ययन हुन आवश्यक छ । यो तालिम कार्य प्रा.डा. मदनकुमार रिमाल र प्रा.डा. सोमप्रसाद खतिवडाको नेतृत्वमा सम्पन्न भयो ।



**अन्तर्राष्ट्रिय कन्फिरेन्स हुने:** संस्कृति केन्द्रीय विभागले आगामी अप्रिल २ देखि ४, २०२३ मा ३ दिने एक अन्तर्राष्ट्रिय कन्फिरेन्स गर्न गई रहेको छ । यस कार्यक्रमको नाम International conference on Sacredness, Symbolism and Society: Practices in South and Southeast Asia रहेको छ । यस कार्यक्रममा करिव १०० नेपाली र त्यतिनै विदेशी समेत २०० जनाभन्दा धेरैले भाग लिने मान्यता छ । क्रमस......

**विभागको स्वअध्ययन प्रतिवेदन (SSR):** त्रिविको संस्कृति विभागले गुणस्तर सुनिश्चितता प्रत्यायनका लागि स्वअध्ययन प्रतिवेदन (SSR) विश्वविद्यालय अनुदान आयोग र त्रि.वि. QAA Section मा बुझाएको छ । विभागले स्वमूल्याङ्क प्रतिवेदनमा दुवै तर्फबाट आएका सुझावहरुलाई समेटेर वि.सं. २०७९।८।१३ मा त्रि.वि. गुणस्तर सुनिश्चितता प्रत्यायन शाखा र २०७९।८।१५ मा विश्वविद्यालय अनुदान आयोगमा बुझाएको हो । यसका लागि आवश्यक नियमावली, कार्ययोजना, विभिन्न समितिहरु बनेका छन् भने समितिहरुले आआफ्ना कार्य गरिरहेका छन् ।


Handing over SSR to TU QAA section

## अन्तर्राष्ट्रिय क्षेत्रमा शिक्षक अनुसन्धान आदानप्रदान

नेपाली इतिहास, संस्कृति र पुरातत्व केन्द्रीय विभागकी सह प्राध्यापक डा. सन्ध्या खनाल Durhm University IMEMS fellowship अन्तर्गत Durha University, World Heritage Stie को अमूर्त सांस्कृतिक सम्पदाको अध्ययनका क्रममा बेलायत जानु भएको छ । उक्त अध्ययनको अवधि पुष २८ देखि फागुन २७, २०७९, सम्म जम्मा २ महिना रहेको छ । सम्पूर्ण खर्च दुराइम विश्वविद्यालयले व्यहोर्नेगरी उहाँलाई अनुसन्धानको व्यवस्था मिलाइएको छ । दुराइम विश्वविद्यालयको टोलीसँग यस विभागका स्नातकोत्तर दोस्रो सेमेस्टरका विद्यार्थीहरुले प्रत्येक साल संयुक्त रुपमा पुरातात्विक उत्खनन् कार्य समेत गर्दै आएका छन् । यसले संस्कृति विभागको अन्तर्राष्ट्रिय क्षेत्रका विश्वविद्यालयहरुसँग निकटको सम्बन्ध स्थापित गरेको छ ।

यो कार्यक्रम संस्कृति विभागले International association for the study of religion (IAHR) and South and Southeast Asian Association for the study of Culture and Religion (SSEASR) सँगको सहकार्यमा सम्पन्न गर्ने छ ।

सम्पादक: प्रा.डा. सोमप्रसाद खतिवडा, विभागीय प्रमुख
इमेल: head@cdnhca.tu.edu.np, फोन: ०१४३३१९७६